नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोनः ९८५१२८६७७०, ०१-४२१९०४४
Ext:

Email: cyberbureau @nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ

मितिः २०७७-१२-०२ गते।

# प्रेस विज्ञप्ती

## Software Source Code दुरुपयोग गर्ने व्यक्ती पक्राउ।

National Software and IT Solution Pvt.Ltd. कम्पनीले सोही कम्पनीको स्वामित्वमा रहेको Software को Source Code, User Interface मा सामान्य परीवर्तन बाहेक हुवहु नक्कल गरी Preface Technology Pvt. ltd. नामक कम्पनी संचालन गरी उक्त Source Code र User Interface को दुरुपयोग गरी बिभिन्न संघ संस्थालाई बिक्री वितरण गरेको भनि यस ब्यूरोमा प्राप्त निवेदनको विशिष्टीकृत प्राविधिक विश्लेषण तथा अनुसन्धान गर्दा Preface Technology Pvt. ltd. नामक कम्पनीले Source Code र User Interface को दुरुपयोग गरेको पाईएको हुँदा उक्त कार्यमा संलग्न कम्पनि संचालकहरुले बिद्युतिय कारोवार ऐन, २०६३ बिपरितको कार्य गरेको हुदा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट पक्राउ अनुमति लिई कम्पनी संचालकहरु मध्येका निम्न ३ जना संचालकहरुलाई पक्राउ गरी मिति २०७७-१२-०१ गते सम्मानित काठमाण्डौ जिल्ला अदालतको आदेशले ६ दिन म्याद थप गरी थप अनुसन्धान कार्य भइरहेको साथै अन्य संचालकहरु फरार रहेको र खोजिकार्य जारी रहेको।

निम्नः

१. जिल्ला दाङ लमही नगरपालिका वडा नं. ५ घर भई हाल Preface Technology Pvt. ltd बुटवलका संचालक वर्ष ३९ को बिमल के.सी.।
२. जिल्ला रुपन्देही मायादेवी गाउपालिका वडा नं ५ घर भई हाल Preface Technology Pvt. ltd बुटवलका संचालक वर्ष ४० का श्याम बहादुर चौधरी।
३. जिल्ला नवलपरासी (पूर्व) कावसोती नगरपालिका वडा नं ७ घर भई हाल Preface Technology Pvt. ltd बुटवलका संचालक वर्ष ३६का शंकर ज्ञावली ।

प्रवक्ता एवं सूचना अधिकारी
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक